## निर्वाचित भएको १ वर्ष पुरा गरिएको अवसरमा सञ्चारकर्मीसँग साक्षात्कार कार्यक्रममा नगरप्रमुख श्री सुरेन्द्र श्रेष्ठबाट प्रस्तुत मन्तव्य

मिति २०७९ वैशाख ३० मा सम्पन्न स्थानीय तह निर्वाचनमा अमूल्य जनमत प्राप्त गरी विजयी भई "हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति" मुल नारा भएको यस नगरको कार्यभार सम्हालेको मिति २०८० जेठ ९ गते १ वर्ष पूरा भएको अवसरमा हामीबाट नगरपालिकामा भए गरेका कार्यहरूका बारेमा राज्यको चौथो अंगमार्फत नगरवासीलाई जानकारी गराउने सन्दर्भमा हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरी आउनु भएका सम्पूर्ण सञ्चारकर्मी मित्रहरुमा स्वागत दिन चाहन्छु ।

हामीले कार्यभार सम्हाल्दा हामी समक्ष मूलत: दुई वटा कार्यभार थिए । पहिलो, तत्काल सञ्चालनमा रहेका विकास निर्माणका कार्यहरूलाई सम्पन्न गर्नुपर्ने र दोस्रो, चालु आर्थिक वर्ष २०७९/८० को बजेट नीति तथा कार्यक्रम तयार गरी नगरसभाबाट पारित गर्नुपर्ने । यस भूमिकालाई पूरा गर्न यहाँहरू लगायत नगरवासी, नागरिक समाज, राजनैतिक दलहरू र वुद्धिजीविहरूको ठूलो साथ र सहयोग प्राप्त भएको छ ।

यहाँहरूलाई विदितै छ दैनिक जीवनमा प्रत्यक्ष सरोकार राख्ने, बाटो, ढल, खानेपानी, स्वास्थ्य, शिक्षा, कृषि, सहकारी, राजस्व संकलन जस्ता विषयहरूमा नगरपालिकाले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

सुशासन कायम गर्न नगरपालिकाले नीतिगतरुपमा ७ वटा ऐन, ६ वटा कार्यविधि र भौतिक पूर्वाधार विकास तथा निर्माण सम्बन्धी विनियमावली (मापदण्ड) २०५७ (दोस्रो संशोधन २०७९) सहित १४ वटा ऐन नियम कार्यविधि निर्माण गरी कार्यान्वयनमा समेत ल्याईएको छ ।

यो एक वर्षे कार्यकालमा नगरपालिका विकास निर्माण सँग सुशासन कायम गर्ने प्रयास गरिएको छ ।
भौतिक पूर्वाधार तर्फ यो एक वर्षमा मन्दिर ९ वटा , फल्चा(पाटी) ११ वटा, वहा २ वटा, विभिन्न मन्दिर परिसर २१ वटा, पार्क ९ वटा, ऐतिहासिक दरवार २ वटा, विहार १ वटा, पोखरी १ वटा, घाट १ वटा र गुम्बा १ वटा निर्माण भएका छन् ।

सडक पूर्वाधार तर्फ कालोपत्रे २१ वटा सडक, ढलान २१ स्थानमा, रिटेनिङ वाल १९ स्थानमा, ढुङ्गा छपाई २८ स्थानमा, बल्क छपाई ११ स्थानमा कार्य भएको छ । त्यसै गरी बाटो खोल्ने र फराकिलो १८ स्थानमा र एउटा पुल निर्माण भएको छ । खानेपानी तर्फ ५ वटा योजना, ढल निकास तर्फ २८ वटा र भवन तथा ट्रस निर्माण १८ वटा र अन्य मर्मत सम्भार २७ वटा योजना सञ्चालन भएका छन् ।

मुलुकको विद्यमान आर्थिक अवस्थामा नेपाल सरकार तथा प्रदेश सरकारबाट नगरपालिकालाई प्रदान गरिने अनुदानहरूमा भएको कटौती र आन्तरिक स्रोतमा भएको संकुचनका बीच नगरवासीका समक्ष गरिएको प्रतिवद्धता पूरा गर्ने कार्यमा सन्तुलन मिलाउन हामीलाई ज्यादै सकस भएको छ । यिनै चुनौतीका बाबजुद पनि उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गरी जनताहरुको आवश्यकता पुर्ति गर्न अहोरात्र संघर्षरत छौं।

नगरवासीको नगरपालिका प्रतिको अपनत्व, विकास निर्माण लगायतका कार्यमा सहयोग र साझेदारी, अप्ठ्यारो परिस्थितिमा पनि राजस्व संकलनमा साथ सहयोग, नागरिक समाजको निरन्तर हौसला र सुझावकाबीच हामीले विगत १ वर्षको अवधिमा गरेका मुख्य कार्यहरूको रिपोर्ट कार्ड लिएर तपाइहरू मार्फत नगरवासीहरूलाई जानकारी गराउने उद्देश्यकासाथ आज हामी भेला भएका हौ । तपाइहरूको हातमा हामीले वर्षदिन भरि गरेका मुख्य कार्यहरूको विवरण उपलब्ध गराईएको छ । अत: उक्त विवरण र त्यसको अलावा नगरपालिकाका अन्य विषयहरूमा समीक्षा र साक्षात्कारका लागि यहाँहरूलाई सादर अनुरोध गर्दछु ।

## मध्यपुर थिमि नगरपालिका, भक्तपुरको चालु आर्थिक वर्षको जेष्ठ १० गतेसम्म भएका मुख्यमुख्य क्रियाकलापहरू

### १. पूर्वाधार तर्फ

क. **घर नक्सा पास:** अभिलेखिकरण र नियमित दर्ता ३७५, नियमित अभिलेखिकरण २९, निर्माण सम्पन्न ७१, राजश्व संकलन भवन निर्माणको नियमित, अभिलेखिकरणको अभियानबाट थप रु.२ करोड आय हुने अनुमान)

ख. **मध्यपुर उज्यालो अभियान:** अन्तर्गत मध्यपुर क्षेत्रभित्र पेटी रहेका सम्पूर्ण सडकमा Smart Light जडानका लागि नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भएको जस अन्तर्गत अरनिको राजमार्गमा सडक बत्ति जडान भइसकेको छ।

ग. **स्ववासी पुर्जा:** नगरपालिका भित्र स्ववासीका रुपमा रहेका नगरवासीलाई पुर्जा वितरणको कार्यक्रम शुरुवात गरिएको जस अन्तर्गत हालसम्म करिव २००० वटा पुर्जा वितरण भएको नापी टोलीबाट जानकारी प्राप्त भएको छ।

घ. **व्यवस्थित जग्गा विकास आयोजना:** २०५६ साल देखि नक्सा पास रोक्का रहेको बुढाथोकी, काँलाडोल, मनोहरा फाँट बोडे तथा २०७७ साल देखि रोक्का रहेका कौँला फाँट, विसंतकी, राधेराधे, कुण्डोल र गाँखु क्षेत्रमा एकिकृत जग्गा विकास योजना सञ्चालन गर्ने गरी प्रारम्भिक सम्भाव्यताको कार्य अगाडी बढेको छ।

ङ. व्यवस्थित बस्ती विकासका लागि स्वीकृत नलिएका निजी जग्गा विकास आयोजनाका जग्गा रोक्का गरिएको

### २. नीति, नियम, ऐन र कार्यविधि

क. स्वास्थ्य ऐन, २०७९

ख. शिक्षा ऐन, २०७९

ग. सहकारी ऐन, २०७९

घ. विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७९

ङ. नेपाल कोरिया मैत्री नगर अस्पताल आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

च. मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि-२०७९

छ. अनुदान तथा औषधो उपचार कार्यविधि -२०७९

ज. उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७९

झ. जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यविधि-२०७९

ञ. लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७९

ट. भौतिक पूर्वाधार विकास तथा निर्माण सम्बन्धी विनियमावली (मापदण्ड) २०५७ (दोस्रो संशोधन २०७९)

ठ. न्यायीक समितिको कार्यविधि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७९

ड. आधारभूत सरसफाइ तथा फोहोरमैला व्यवस्थापन विधेयक २०७९

ढ. बस्ती विकास तथा जग्गा एकिकरण ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०७९

### ३. आम्दानी र खर्चको अवस्था

क. राजस्व परिचालनतर्फ

(१) संघीय अनुदान तर्फ समानीकरण रु. १८ करोड १४ लाख २५ हजार, शसर्त चालु तर्फ रु १६ करोड २५ लाख ७ हजार र शसर्त पुँजीगत तर्फ १२ लाख, र राजस्व बाँडफाँड रु. ११ करोड ९२ लाख ९३ हजार गरी जम्मा रु. ४६ करोड ४४ लाख २५ हजार र प्रदेश अनुदान तर्फ समानीकरण रु. २ करोड ४३ लाख ८० हजार, शसर्त चालु रु २ करोड २५ लाख ४० हजार . प्रदेश समपुरक रु, २ करोड १२ लाख ९६ हजार तथा राजस्व बाँडफाँड रु. २ करोड

६१ लाख ८० हजार गरी जम्मा रु. ९ करोड ४३ लाख ९६ हजार गरी जम्मा रु. ५५ करोड ८८ लाख २१ हजार प्राप्त भएको छ।

(२) चालु आर्थिक वर्षको बैशाख मसान्तसम्ममा आन्तरिक स्रोत तथा बैंक मौज्दात समेत जम्मा रु ६९ करोड १२ लाख ८५ हजार र स्थानीय राजस्व बाँडफाँडबाट रु १७ लाख ८६ हजार गरी जम्मा रु ६९ करोड ३० लाख ७१ हजार आन्तरिक राजस्व संकलन भएको छ। साथै लागत सहभागिता बाट रु, ८ लख २६ हजार प्राप्त भए को छ।

(३) चालु खर्च तर्फ रु, ३५ करोड ७८ लाख ९३ हजार खर्च प्रतिसत ५४.६५ रहेको छ र पुजीगत तर्फ रु,२८ करोड १७ लाख ७ हजार खर्च प्रतिशत २५.३५ रहेको छ।

## ४. सामाजिक विकास तर्फ

### क. शिक्षाः

(१) वेरोजगार युवाहरुलाई १० महिने तालिम सञ्चालनका लागि प्रक्रिया सम्पन्न हुन लागेको छ।

(२) उत्कृष्ट विद्यालयलाई सम्मान कार्यक्रम नगरपालिकाको बार्षिक उत्सवमा सम्पन्न :- सामुदायिक तर्फ :-श्री गणेश मा.वि. नगदेश र संस्थागत तर्फ:- ट्रि-स्टार इङ्गलिस सेकेन्डरी स्कुललाई सम्मान पत्र प्रदान गरिएको।

(३) शिक्षकहरुको हाजिरी अनलाइनमा सुरु भएको र हाजिरीको नगरपालिकाबाट अनुगमन गर्ने कार्य सुरु भएको।

(४) छ दिने स्काउट तालिम सामुदायिक तथा संस्थागत विद्यालयका स्काउट शिक्षकहरु लाई मध्यपुर थिमि नगरपालिकामा प्रथम पटक स्काउटको BTC र PTC तालिम सम्पन्न ५१ जना नयाँ स्काउटर तयार भएको।

(५) शिक्षा ऐन अनुरुप मासिक शुल्क, भर्ना शुल्क र वार्षिक शुल्क कायम राख्न संस्थागत विद्यालयलाई सुचित गरिए अनुरुप कार्यान्वयन भइरहेको र शुल्क तथा भर्ना अनुगमन समिति मार्फत अनुगमन भइरहेको

(६) बाल विकास कक्षामा अध्ययनरत सबै बालकालिकालाई स्टेशनरी सामाग्री वितरण गरिएको

(७) मन्टेश्वरीमा आधारित पूर्व प्राथमिक कक्षा सञ्चालनका लागि इसिडि तालिम सम्पन्न भएको

(८) माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी प्रतियोगिता सम्पन्न भएको

(९) कक्षा ६ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि नगरपालिकाबाट कापी वितरण गरिएको

(१०) सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक कक्षालाई दुई वर्षको बनाउने कार्यको शुरुवात भएको

(११) वडा नं ३ स्थित आस्था महिल विद्यालयलाई आर्थिक सहयोग तथा शैक्षिक सामाग्री वितरण गरिएको

### ख. खेलकुदः

(१) फुटबल खेलको विकासको लागि विगत २० वर्ष देखि हुन नसकेको मध्यपुर फुटबल लिग प्रतियोगिता आयोजनाको गरिएको

(२) नवौ राष्ट्रिय खेलकुद, जिल्ला तथा नगर खेलकुद प्रतियोगितामा सहभागी जनाई पदक विजेता खेलाडीहरुलाई सम्मान गरिएको

(३) बडिबिल्डङ, बुद्धिचाल, ब्याडमिन्टन, कराते, फुटसल लगायत प्रतियोगिताहरु संचालनका लागि सहकार्य तथा सहयोग गरिएको

(४) प्रथम पटक नगरपालिका स्तरिय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न समग्र जिल्ला स्तरीय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा मध्यपुर थिमि नगरपालिकाले दोस्रो स्थान हासिल गरिएको

(५) अपाङ्गता भएका बालबालिकाहरुको खेलकुद प्रतियोगिता सञ्चालन गरिएको

### ग. स्वास्थ्यः

(१) जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत ६० वर्ष नाघेका र ७० वर्ष नपुगेका जेष्ठ नागरिकको ५ जनासम्म परिवारको निशुल्क विमा गर्ने व्यवस्था गरिएको

(२) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा डायलासिस सेवा शुरु गरिएको

(३) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा एन्जियोग्राम सहितको सिटि स्क्यान शुरु गरिएको

(४) ब्लड ब्याङ्क स्थापनाको लागि भवन निर्माणको चरणमा रहेको

(५) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालका लागि रु. ३ करोड ५० लाखको आकस्मिक कोषको व्यवस्था

(६) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा आधुनिक डन्ट चिकित्सा सेवा विस्तार गरिएको

(७) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा भौतिक पूर्वाधार विकासको लागि यस आ.वमा ९ करोड ५० लाख बजेट व्यवस्थापन गरिएको

(८) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा भौतिक पूर्वाधार तथा उपकरण व्यवस्थापनको लागि दक्षिण कोरिया सरकार, कोइकाबाट १ अर्ब ३० करोड बराबरको सहयोग प्रतिबद्धता प्राप्त भएको

(९) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालले चाँगुनारायण अस्पताललाई विशेषज्ञ सेवा उपलब्ध गराउने सम्झौता भएको

(१०) आँखा उपचारमा विशेषज्ञ सेवा उपलब्ध गराउने सम्बन्धमा बि पि आई सँग सहमती भएको

(११) रक्तदान कार्यक्रम प्रवद्र्धन तथा निःशुल्क रगतको व्यवस्था। नगरपालिकासंग समन्वय गरि नगर क्षेत्रका विभिन्न स्थानमा संचालन भएको रक्तदान कार्यक्रम अन्तर्गत १०२६ जना व्यक्तिहरुले रक्तदान गरिएको। नगरपालिका क्षेत्रका २९० जना विरामीहरुलाई निःशुल्क रगतको व्यवस्था।

(१२) महिला स्वंमसेविकाको सम्मान स्वरुप अवकास लिएका २३ जना महिला स्वास्थ्य स्वंमसेविकाहरुलाई जनही रु एक लाख सहित विदाई गरिएको

(१३) थप ३ वटा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरी जम्मा १० वटा शहरी स्वास्थ्य केन्द्र बिस्तार गरिएको

(१४) डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि समुदायमा अभियान सञ्चालन भएको जस अन्तर्गत मध्यपुर थिमि भक्तपुर जिल्लामा उत्कृष्ट रहेको

(१५) महिलाहरुको स्तन तथा पाठेघर क्यान्सर रोग सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको

(१६) किशोर किशोरीहरुको मनोसामाजिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको

(१७) आयुर्वेदिक स्वास्थ्य सेवा वडा नं ६ मा विस्तार गरिएको र सबै वडामा बिस्तार गर्ने योजना रहेको

**घ. सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई ७ वटा बैक मार्फत तेश्रो त्रैमासिक सम्मको ४४६२ जना लाभग्राहीहरुलाई रु १३,९१,१५,७११।– सामाजिक सुरक्षा भत्ता वितरण तथा अद्यावधिक कार्य।

**ङ. महिलाः**

(१) महिला हिंसा निवारण कोषको स्थापना

(२) ४५ जना किशोरीहरुका लागी जिवनउपयोगी सिप तालिम प्रदान गरिएको

(३) ९५ जना महिलाहरुलाई नेतृत्व विकास तालिम प्रदान गरिएको

(४) ५० जना महिलाहरुलाई कानुनी हक अधिकार सम्बन्धी तालिम सम्पन्न भएको

(५) बालबालिका महिला इन्टरनेट सुरक्षा लगायतका जनचेतनामुलक भिडियो निर्माण

(६) लैंगिक हिंसा रणनिति सम्बन्धी मस्यौदा तयारी भएको

(७) छात्राहरुलाई आत्मरक्षा सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइऐको

**च. बालबालिकाः**

(१) सामुदायिक र संस्थागत विद्यालयरूमा बालक्लब गठन तथा परिचालन (५३ जना शिक्षकलाई अभिमुखिकरण)

(२) सशक्तिकरण तथा नेतृत्व विकास तालिम ११५ जना बालबालिकाहरुलाई

**छ. अपाङ्गता भएका व्यक्तिः**

(१) अपाङ्गता भएका बालबालिकाको लागि ह्वील चेयर लगायतका आवश्यक सामाग्री तथा सहयोग प्रदान गरिएको

(२) नगरव्यापी विद्यालय स्तरीय खेलकुद कार्यक्रम तथा पुरस्कार वितरण भएको

(३) अपाङ्गता भएका विद्यालयहरुमा बालबालिका अध्ययनरत मानव विद्यागृह, अभिभावक स्वालम्बन समुह र दिवा सेवा केन्द्रलाई सीप विकास कार्यक्रम सञ्चालन खर्च, छात्रावृत्ति, Sanitary Pad र दिवा खाजा खर्च उपलब्ध गरिएको

**ज. जेष्ठ नागरिकः**

(१) जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालनमा ल्याइएको

(२) वडा नं. ४ मा जेष्ठ नागरिक भवन निर्माणमा नगरपालिकाबाट सहयोग भएको

(३) जेष्ठ नागरिकहरुलाई सम्मान र आदर गर्दै भ्रमण सञ्चालन गरिएको

(४) वडा नं ३ मा निमार्णाधिन अग्रज जेष्ठ नागरिक समाजको भवन निर्माणमा वजेट व्यवस्था गरिएको

## ५. आर्थिक विकास

**क. कर, राजस्व**

(१) २७ औं नगरपालिका स्थापना दिवसको अवसरमा उत्कृष्ट करदातालाई सम्मान गरिएको

(२) व्यवसाय दर्ता अभियान सञ्चालन गरिएको जसबाट रु. २ करोड थप आय संकलन भएको

**ख. पर्यटन कला धर्म संस्कृति**

(१) महाकाली नाच,भैरब नाच, निलवाराही गणनाच, नवदुर्गा गणनाच,ईन्द्र अप्सरा नाच, विस्का जात्रा, जिव्रो छेड्ने जात्रा, गुँला पर्व, कृष्ण पुजा, रथ पुजा लगायत मध्यपुर थिमि क्षेत्रमा मनाईने विभिन्न ऐतिहासिक,साँस्कृतिक एवँ पौरानिक नाच, जात्रा, चाडपर्व, रितिरिवाज र संस्कृतिको संरक्षण र सम्वद्र्धन कार्यका लागि बजेटको व्यवस्था गरिएको ।

(२) नेपाल भाषा लिपि (रञ्जना लिपि र प्रचलित लिपि) लेखन तालिम सञ्चालन भएको

(३) उपत्यका व्यापि वृहत धिमेबाजा प्रतियोगिता सञ्चालन, धिमेबाजा प्रतियोगितमा उपत्यकाका ३९ वटा धिमेबाजा समुहहरुको सहभागिता रहेको थियो ।

(४) नगरपालिका भित्रका विभिन्न टोल बस्तीहरुको स्थानीय मौलिक नामलाई अपभ्रंस, परिवर्तन वा प्रयोगविहिन हुनवाट जोगाएर अभिलेखिकरण एवम् प्रतिष्ठापन गरेर मध्यपुर थिमि क्षेत्रका टोल बस्तीको इतिहास एवम् संस्कृतिको साथै पहिचानलाई समेत जगेर्ना गर्न मौलिक नाम अभिलेखिरण तथा प्रतिष्ठापन समिति गठन गरि सवै वडामा समुदाय भेला गरी ४३० वटा टोल बस्तीहरुको नामावली संकलन गरिएको ।

(५) मध्यपुर पर्यटन विकास समितिसँगको सहकार्यमा पर्यटन प्रवद्धनार्थ व: Festival, विस्का जात्रा सम्बन्धी प्रचारात्मक कार्यक्रमहरुको सञ्चालन गरिएको

**ग. आय आर्जन र रोजगारी**

(१) मध्यपुर थिमि नगरपालिकाका वासिन्दाहरुलाई स्वरोजगार बनाउने अभिप्राय: का साथ ६३० जनालाई विभिन्न ३२ वटा आय आर्जन तथा सीप विकास सम्वन्धी तालिम सञ्चालन गरिएको

(२) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट सरसफाइ तथा वृक्षारोपणको कार्यमा १८ जना श्रमिकले रोजगारी प्राप्त गरेका

(३) लघु विकास उद्यम कार्यक्रमबाट ४५ जनाले तालिम प्राप्त गरिएको

(४) सेरामिक्स व्यवसायको विकासका लागि आधुनिक चिम्नी निर्माण गरिएको र युवाहरुलाई सो व्यवसाय प्रति अभिप्रेरित गराउन तालिम सञ्चालन गरिएको

(५) युवा व्यवसायीहरुलाई प्रोत्सान गर्न विभिन्न व्यवसायिक तालिमा सञ्चालन गरिएको (बारिस्ता, मन्टेश्वरी तालिम, सिपमुलक तालिमहरु)

(६) मध्यपुर थिमि नगरपालिका र मध्यपुर सञ्चार समाजको आयोजनामा रोजगारीमुलक खोज पत्रिका, फोटोग्राफी र अनलाईन तालिम सम्पन्न भएको

**घ. सहकारी**

(१) सम्पत्ति शुद्धिकरण निवारण कार्यविधि निर्माण सम्बन्धी तालिम

(२) सहकारी नियमावली मस्यौदाको कार्य भई रहेको

(३) सहकारी अनुगमन समिति गठन भई कार्य भई रहेको

(४) समस्या ग्रस्त सहकारीका सदस्यहरुको वचत सुरक्षाका लागि न्यायीक समिति मार्फत प्रारम्भिक सुनुवाई हुने व्यवस्था गरिएको

**ङ. कृषि तथा पशुपन्छी**

(१) माटो सुधारको लागि ५०% अनुदानमा १२९४ बोरा कृषि चुन वितरण

(२) उत्पादकत्वको बृद्धिको लागि ४ स्थानमा माटो परिक्षण शिविर गरिएको

(३) वाली उपचार शिविर तथा औषधी वितरण गरिएको

(४) किसान सूचिकरण कार्यक्रम लाई अगाडि बढाएको

(५) १५२ जनालाई शहरी कृषि/ कौसी खेती तालिम तथा मिनिकिट प्रदान गरिएको

(६) कृषि व्यवसायी आधुनिकरणको लागि टनेल प्लाष्टिक वितरण गरिएको

(७) पशु उपचार, कुकुर बन्ध्याकरण, औषधि वितरण तथा काउ म्याट वितरण भएको

(८) कोल्ड च्याम्बर स्थापनाको लागि टेन्डर गरि सकेको

## ६. वन वातावरण विपद् व्यवस्थापन

**क. खानेपानी तथा सरसफाई**

(१) सडक नाला वातावरण सरसफाई लगायतका शहरी व्यवस्थापनका कार्यमा तत्काल सुधार गर्न द्रुत कार्य सहयोगि Quick Response Team को परिचालन भएको

(२) फोहरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउन ढुवानीको लागि ट्रिपर खरिद गरिएको

(३) सरसफाई कार्यमा ४ वटा नीजि क्षेत्र परिचालन। न.पा.क्षेत्र भित्रवाट दैनिक रुपमा करिब ४५ टन फोहर संकलन तथा व्यवस्थापन

(४) आधारभूत सरसफाइ तथा फोहोरमैला व्यवस्थापन विधेयक २०७९ निर्माण भएको

(५) नीजि क्षेत्रसंग समन्वय गरी २००० वटा भान्छा(किचन) को फोहर श्रोतमै बर्गिकरण गरी संकलन कार्य

(६) घरायसी स्तरवाट निस्कने फोहरलाई श्रोतमै बर्गिकरण गरी कुहिने फोहरलाई कम्पोष्ट मल बनाउने कार्यमा स्थानीय व्यक्तिहरुलाई परिचालन गर्न ६० परिवारलाई घरेलु फोहरमैला व्यवस्थापन तथा कम्पोष्टिङ्ग तालिम सञ्चालन र ३५ वटा कम्पोष्ट विन वितरण

(७) विगत लामो समय देखि डम्पिङ साइडको रुपमा रहेको पाटी विहार देखि बप्पा जाने बाटो पूर्ण रुपमा सफा भएको र नगर क्षेत्र भित्र खुल्ला डम्पिङ साइडको रुपमा रहेको क्षेत्र क्रमिक रुपमा सफा गर्दै लाने योजना रहेको

## ७. सुशासन तथा संगठन विकास

क. सूचनाको हक सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखिकरण

ख. सेवा प्रवाह, खरिद व्यवस्थापन, योजना तर्जुमा सम्बन्धि जनप्रतिनिधि तथा कर्मचारीलाई अभिमुखिकरण

ग. संगठन तथा विकास(O&M) को प्रक्रिया अगाडि बढेको

घ. वार्षिक कार्यतालिका बनाएर योजना तथा कार्यक्रम सञ्चालन भएको

ङ. उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि निर्माण

च. त्रैमासिक रुपमा सुचना सार्वजनिक गर्ने गरिएको

छ. नगरपालिकाको विभिन्न जानकारी,गतिविधिहरु, सूचना, न.पा.को नीति, योजना, बजेट तथा कार्यक्रमहरुको बारेमा आम नगरबासीहरुलाई जानकारी गराउने उदेश्यका भक्तपुर एफएम मा प्रत्येक हप्ताको विहिवार बेलुकी ७ देखि ८ बजे सम्म मध्यपुर थिमि हाम्रो सम्पत्ति कार्यक्रम सञ्चालन, हाल सम्म ४३ वटा कार्यक्रमको सञ्चालन भएको।

ज. अदालतमा दर्ता भएको मुद्दा संख्या ३३, विचाराधिनमा रहेको संख्या १७, फछयौट संख्या १३

झ. न्यायीक समितिमा दर्ता भएको मुद्दा संख्या ५२, विचाराधिनमा रहेको संख्या ४०, फछयौट संख्या १२

ञ. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गरिएको संख्या ४ उपलब्ध गराएको संख्या ४

ट. मध्यपुर थिमि नगरपालिका तथा मातहतका कार्यालयहरुमा सरकारी ईमेल सञ्चालन

ठ. वेवसाइट तथा सामाजिक सञ्जाल मार्फत सूचना तथा गतिविधिहरु सार्वजनिक भइरहेको

ड. सूचना प्रविधि विभागको सहकार्यमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, SMS Gateway जस्ता प्रणाली विस्तारको लागि समन्वय भएको

ढ. आवधिक योजना तर्जुमा प्रक्रिया अगाडि बढेको

ण. नगरपालिकाको कार्यपालिकाबाट भएका क्रियाकलापको जानकारी नगर प्रवक्ता मार्फत सोही दिन जानकारी गराउने गर्ने गरिएको

त. अनलाईन भुक्तानी सेवा (QR Code) सञ्चालन भएको